# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, माघ ११ गते २०५८ साल (पूर्वातिरिक्ताङ्क ६४ (ख

## भाग ३

श्री ५ को सरकार

### स्थानीय विकास मन्त्रालयको सूचना

स्थानीय विकास शुल्क कोष (पहिलो संशोधन) नियमावली, २०५८

स्थानीय विकास शुल्क कोष नियमावली, २०५६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "स्थानीय विकास शुल्क कोष (पहिलो संशोधन) नियमावली, २०५८" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. स्थानीय विकास शुल्क कोष नियमावली, २०५६ को नियम ५ मा संशोधनः स्थानीय विकास शुल्क कोष नियमावली, २०५६ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ५ को सट्टा देहाएको नियम ५ राखिएको छः–

"५. कोषको प्रयोगः कोषमा जम्मा भएको रकम नगरपालिकाको कार्य सञ्चालन र नगरपालिकाद्वारा संचालित विकास निर्माण कार्यको लागि खर्च गर्ने गरी वितरण गरिनेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम ७ मा संशोधनः मूल नियमावलीको नियम ७ को उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ।

"(३). कोषमा जम्मा भएको रकममध्येबाट समितिले तोके बमोजिमको रकम बचत गरी जगेडा कोषको रुपमा राख्न सकिनेछ। त्यस्तो रकम समितिले निर्णय गरी देहाय बमोजिमको कार्यको निमित्त खर्च गर्न सक्नेछ र त्यसरी खर्च भएको रकम यथाशीघ्र जगेडा कोषमा दाखिला गरी सोध भर्ना गर्नु पर्नेछ।

(क) नगरपालिकाको लागत सहभागिताको आधारमा पूर्वाधार विकास तथा दीर्घकालीन आय आर्जन सम्बन्धी कार्यमा,

(ख) दैवी प्रकोप वा अन्य आकस्मिक कार्यमा,

(ग) नगरपालिकाले श्री ५ को सरकार वा अन्य निकायलाई तिर्नु बुझाउनु पर्ने रकम तिर्ने कार्यमा।"

४. मूल नियमावलीमा नियम ८क. थपः मूल नियमावलीको नियम ८ पछि देहायको ८क. थपिएको छः–

"८क. स्थानीय विकास शुल्क रोक्का गर्न सक्नेः नगरपालिकाले आर्थिक कारोवार सञ्चालन गर्दा स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ बमोजिम रीत नपुऱ्याई कार्य गरेको पर्याप्त आधार र प्रमाण भएमा समितिले स्थानीय विकास शुल्क रोक्का गर्न सक्नेछ।

तर नगरपालिकाले आफ्नो आर्थिक कारोवार सञ्चालनमा सुधार ल्याई सोको जानकारी समितिलाई दिएमा रोक्का भएको रकम फुकुवा गरी निकासा दिन सकिनेछ।"

आज्ञाले,
उदयराज सोती
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9022